त्रि.वि. द्वारा स्वीकृत पाठ्यक्रमा आधारित स्नातक प्रथम वर्ष ऐ.
नेपाली ४१६नेपाली कथा र उपन्यास

# नेपाली कथा र उपन्यास


## लेखक

## देवेन्द्रबहादुर बानिया

## मेरो भनाइ

यो E book त्रिभुवन विश्वविद्यालयको चार वर्षे वि .एड. प्रथम वर्षको मूल ऐच्छिक र अतिरिक्त ऐच्छिक विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरुका लागि **नेपाली कथा र उपन्यास (४१६)** पाठ्यक्रममा आधारित रही तयार पारिएको छ।वर्तमान सन्दर्भमा अधिकांश विद्यार्थीहरु विभिन्न कारणले चाहेर पनि  क्याम्पसका भौतिक कक्षामा उपस्थित हुन नसकेका कारणले उनीहरुको शैक्षिक गुणस्तर दिन प्रतिदिन खस्कँदै गइरहेको छ । यसर्थ यो E book विद्यार्थीहरुको फुर्सदको समयमा उनीहरुको रुचि अनुसार  उनीहरु रहेकै स्थानमा प्रविधिको प्रयोग गरी अध्ययन गर्न सकून् र खस्कँदो शैक्षिक अवस्थामा सुधार ल्याउन् भन्ने मूल उद्देश्यका साथ तयार पारिएको छ । यस E book को अधिकतम उपयोग गरी विद्यार्थीहरुले स्तरअनुरुप ज्ञान हसिल गरी  आफ्नो सिकाइलाई दिगो बनाउनुका साथै परीक्षामा उच्चतम अङ्क प्राप्त गर्न यो पुस्तक महत्वपूर्ण अध्ययन सामग्री बन्नेछ भने अर्कोतर्फ साहित्यका अध्ययता र शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुने शिक्षकहरुका लागि पनि उत्तिकै सहयोगी सिद्ध हुनेछ भन्ने विश्वास लिएको छु।

प्रस्तुत E book  तयार पार्नको लागि सल्लाह, सुझाव र प्रेरणा प्रदान गर्नुहुने क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष, क्याम्पस प्रमुख र यस पुस्तकको डिजाइन लगायत अन्य प्राविधिक कुराहरुमा सहयोग गर्नुहुने यस क्याम्पसका UGC GRANTS अन्तर्गतका फोकल पर्सन युवराज दाहाल र ICT विभाग प्रमुख टीका थेवे प्रति विशेष आभार प्रकट गर्दछु । यस क्याम्पसमा अध्यापनरत सम्पूर्ण प्रध्यापक, उपप्राध्यापक ,सहायक प्रध्यापक,प्रशिक्षक , कर्मचारी र विद्यार्थीहरुलाई हृदयतःधन्यवाद प्रकट गर्दछु । आगामी दिनहरुमा सबै पक्षबाट सकारात्मक एवम् रचनात्मक सुझावको अपेक्षा गर्दै यो E book को अध्ययन गरी मूल्याङ्न गर्ने जिम्वेवारी यहाँहरुलाई सुम्पन पाउँदा अत्यन्त खुसी महसुस गरेको छु।

**भूमिका**

साहित्य सृजनाको महत्वपूर्ण विधाहरूमध्ये कथा एक विशिष्ट स्थान ओगट्ने विधा हो। मानव समाजका विविध पक्षलाई जीवन्त रूपमा प्रस्तुत गर्ने कथा साहित्यले पाठकलाई संवेदनशील बनाउन, समाजप्रति सजग गराउन तथा कल्पनाशीलता बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ।

कथा भनेको एक लघु आयामको साहित्यिक रचना  हो, जसमा चरित्रहरूको विकास, घटनाक्रमको गहिराइ तथा वातावरणको चित्रणलाई विशेष ध्यान दिइन्छ। यसमा समाजका विविध पक्ष, संस्कार, संस्कृतिका साथै व्यक्तिका मनोवैज्ञानिक तथा दार्शनिक पक्षहरूको पनि विश्लेषण गरिन्छ। कथा साहित्यले यथार्थवाद, रोमान्टिकता, आदर्शवाद, रहस्यवाद लगायतका विभिन्न शैलीहरू समेट्न सक्ने विशेषता राख्दछ।

यस E - book **पारिजातको दृष्टिमा श्रमिक चेतना: 'सिटीहलको बूढो ज्यामी' कथाको विश्लेषण** समेटिएको छ। पारिजातको जीवनी र साहित्यिक यात्रा,साहित्यिक प्रवृत्तिहरू र लेखनशैली, 'सिटीहलको बूढो ज्यामी' कथा: सारांश ,कथाको सामाजिक पृष्ठभूमि र पात्र ,अस्तित्ववाद र श्रमिक चेतनाको प्रस्तुति ,प्रतीकात्मकता, भाषिक शैली र कथाशिल्प जस्ता तत्वहरूबारे गहन अध्ययन प्रस्तुत गर्न खोजिएको छ। यस पुस्तकले कथा लेखनमा रुचि राख्ने साहित्यप्रेमी, विद्यार्थी, लेखक तथा अनुसन्धानकर्ताहरूलाई मार्गदर्शन प्रदान गर्ने विश्वास लिइएको छ।

# Table of Contents

पारिजातको जीवनी र साहित्यिक यात्रा ........ 1
संरचनाहीन संरचनायुक्त कथारचनाको प्रयोग: ........ 3
'सिटीहलको बूढो ज्यामी' कथा: सारांश ........ 4
कथाको सामाजिक पृष्ठभूमि र पात्र ........ 4
अस्तित्ववाद र श्रमिक चेतनाको प्रस्तुति ........ 5
प्रतीकात्मकता, भाषिक शैली र कथाशिल्प ........ 5
सन्दर्भ सामग्री ........ 6
निष्कर्ष ........ 7

**पारिजातको दृष्टिमा श्रमिक चेतना: 'सिटीहलको बूढो ज्यामी' कथा विश्लेषण**

# पारिजातको जीवनी र साहित्यिक यात्रा

पारिजात (वास्तविक नाम: विष्णुकुमारी वाइवा) को जन्म वि.सं. १९९३ मा भारतको दार्जिलिङमा भएको थियो। नेपाली साहित्यमा कवि, कथाकार, उपन्यासकार र संस्मरणकारको रूपमा ख्याति प्राप्त पारिजातले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजीमा एम.ए. पूरा गरेकी थिइन्। उनको साहित्यिक यात्रा सामाजिक चेतना, शोषित वर्गको आवाज र मानवीय संवेदनालाई केन्द्रमा राखेर अघि बढ्यो।

उनका प्रमुख कृतिहरूमा *शिरीषको फूल* (२०२२) (मदन पुरस्कार प्राप्त), *बैंसको मान्छे (*२०३४),महत्ताहीन (२०२५), तोरीबारी बाटा र सपनाहरु (२०३३) लगायतका उपन्यासहरु रहेका छन् । उनका कवितासङ्ग्रहहरुमा *आकांक्षा (*२०१४),पारिजातका कविताहरु (२०४४),बैंसालु वर्तमान (२०५०) आदि समावेश छन्। आत्मसंस्मरणहरुमा धुपी सल्ला र लालीगुराँसको फेदमा (२०४३),एउटा चित्रमय सुरुवात (२०४५), अध्ययन र सङ्घर्ष (२०५०) रहेका छन् । लेखसङ्ग्रह आधी आकाश २०४८ आदि प्रकाशित कृतिहरु हुन् । उनले युगज्ञान पुरस्कार(२०२६), पाण्डुलिपि पुरस्कार (२०४९), लगायतका सम्मान प्राप्त गरिन्। वि.सं. २०१० वैशाख ५ मा उनको निधन भए पनि उनको साहित्यले आज पनि पाठकहरूलाई प्रेरित गर्छ।

साहित्यिक प्रवृत्तिहरू र लेखनशैली

**विसङ्गतिवादी अस्तित्ववादी प्रवृत्ति:** पारिजातका 'आदिम देश' र 'सडक र प्रतिभा' कथामा विसङ्गतिवादी अस्तित्ववादी प्रवृत्ति पाइन्छ।उनका अनुसार सम्पूर्ण समाज आफ्नो आदिम रुपमा नाङ्गै छन्,संस्कार र विकास मरिसकेका छन्,मानवीय मूल्य, नैतिक प्रतिष्ठा, मानसिक निष्ठाका पर्खाल भत्किसकेका छन् भन्दै वर्तमान मानव समुदायको विसङ्गतिलाई प्रकट गरेको छन् ।जन्म

र मृत्यु केवल अनुभूतिहीन अनुभूति मात्र हुन्।मृत्यु बोधका कारण मानिसको प्रगति हुन सकिरहेको छैन। विगतको विसङ्गतिले वर्तमानलाई प्रदुषित बनाएको र यस्तो वर्तमानले भविष्यलाई पनि अन्योलग्रस्त बनाउँछ भन्ने विश्वजास उनको रहेको छ।

**मनोविश्लेषणात्मक प्रवृत्ति:** पारिजातका कथा रचनाहरूमा यौन मनोविश्लेषण, यौनविकृति, विसङ्गति, असामान्य यौन मनोविज्ञान आदि पक्षलाई निकै महत्व दिएको पाइन्छ। 'सिमेन्टी भित्र एउटा राजबेली', 'सधैँ बित्नुपर्ने हामी', 'मैले नजन्माएको छोरो', 'एउटा उडानमा', 'तिउरीको फूल;, 'पाइरियाको गन्ध' 'सोकिजम मेरो लोग्नेसँग कुराकानी', 'अप्ठ्यारो र अभ्यस्त मान्छे' आदि उनका मनोविश्लेषणात्मक कथा हुन् । खास गरी उनका मनोविश्लेषणात्मक कथामा यौनको भूमिका मुख्य हुन्छ भने यौन असन्तुष्टिबाट उत्पन्न कुण्ठा नैरास्य र विद्रूपताको चित्रण भएको हुन्छ। मानिसले चेतन तहमा यौनलाई तिरस्कार गरे पनि त्यसको अतृप्तिले मानसिकतामा गहिरो प्रभाव पुऱ्याउँछ भन्ने कुरामा पारिजातकव विश्वास रहेको पाइन्छ ।

**शून्यवादी दर्शनलाई कथात्मक संरचनामा पुनसिर्जना गर्ने प्रवृत्ति :** यो प्रवृत्ति खासगरी विसङ्गतिवादी -अस्तित्ववादीसँग मिश्रण भएको देखिन्छ । मुख्यत: विसङ्गतिवादी चेत अन्तर्गत मृत्युबोध गर्ने पात्रहरूको समावेश गरी अन्योलपूर्ण जीवनमा निरुद्देश्य बाँचेका मानिसहरुलाई देखाउँदा उनको शून्यवादी प्रवृत्ति देखिन्छ । मानिसले जन्मसँगै लिएर आएको मृत्युका कारण केही गर्न सक्दैन । विसङ्गत जीवनलाई टुलुटुलु हेरेर त्यसैमा जीवनको अन्त्यको कल्पना गरिरहने मानिसको हरेक क्रियाकलाप शून्य छ, अर्थहिन छ भन्ने निष्कर्ष पारिजात आफ्ना कथाबाट दिन चाहन्छिन्।

**प्रगतिवादी यथार्थवादी प्रवृत्ति:** पारिजातका पछिल्ला दुईवटा कथासङ्ग्रह 'साल्गीको बलात्कृत आँसु' र 'बाधशाला जाँदा आउँदा' कथामा प्रगतिवादी प्रवृत्ति रहेको छ। तत्कालीन शासन व्यवस्थाको विरोध गर्ने, शोषित, पीडित निम्न वर्गको पक्षपोषण गर्ने, कथाहरुमा प्रगतिवादी चेत देखिन्छ । त्यस्तै 'सइस', 'एउटा गाउँमा', 'सम्बन्ध', 'कलिलो अतीत', 'यसरी एउटा नाउँ काटिन्छ', 'पैसाको रङ' आदि उनका उत्कृष्ट प्रगतिवादी कथाहरू हुन्। उनका प्रगतिवादी कथाहरूमा गरिबले श्रमशोषण खप्नु परेको, अनुदार व्यवस्थाले गरिबलाई दमन गर्ने कानुन बनाउने, वर्गीय विषमताको विकराल स्थितिमा पुगेको, शासकीय दमन उत्कर्षमा पुगेको, मानवताहीन परिवेशको निर्माण भएको आदि घटनाहरूका विरुद्धमा सचेत भएर तिनका विरुद्ध विद्रोह गर्नैपर्ने विचारलाई प्रकट गरिएको छ ।

**सहरी समाजको जीवनशैलीलाई परिवेश बनाउनु:** पारिजातले सहरी समाजको जीवनशैलीलाई आधार बनाएर कथा लेखेकी छिन्। सहरमा मानिसहरूको जीवन रहनसहन आचारविचारलाई कथ्य बनाएको र सोही अनुसारको परिवेशको स्थापना गरेकी छन् । सहरको जीवन परम्परा मूल्य

मान्यता धर्म संस्कृति आदर्शहीन अवस्थामा गुज्रिएको छ। सबभन्दा महत्वपूर्ण कुरा सहरले मानवतावादी मूल्यलाई गुमाएको छ। त्यो समाज विसंगत, विकृत र भताभुङ्ग भइसकेको स्थितिमा रहेको छ। त्यहाँ मानवीयता, दया, प्रेम, सामूहिक भावना छैन। भीडमा पनि मानिस एक्लिएका हुन्छन्, अन्तरमुखी छन्। मानिस अन्तर्मुखी, दैन्य पीडा र दुःखबाट ग्रसित भएका छन्। व्यक्तिगत सीमित आकांक्षाबाट स्वार्थी र छुद्र छन् मानवरूपी पशुको जीवन सहरका मानिसले बिताइरहेका छन्। यसका साथै सहरका मानिसका गरिबी, शोषण र दमनको चित्रण गर्ने कुरामा पनि उनको रुचि रहेको छ।

**दृष्टिबिन्दुगत प्रवृत्तिः**पारिजातका कथाहरूमा दृष्टिबिन्दुको प्रयोग विविध र सशक्त छ। उनका प्रारम्भिक कथा संग्रहहरूमा प्रथम पुरुष-विशेषतः “म” र “हामी” को प्रयोग गरिएको छ, जसले कथामा पात्रहरूको चारित्रिक परिपक्वता र बौद्धिकता उजागर गर्दछ। पछिल्ला संग्रहहरूमा भने तृतीय पुरुषीय बाह्य दृष्टिबिन्दु अपनाइएको छ, जसले कथाको वस्तुगतता र विश्लेषणात्मक पाटोलाई मजबुत बनाउँछ।

## संरचनाहीन संरचनायुक्त कथारचनाको प्रयोग:

पारिजातले परम्परागत संरचना भन्दा फरक, नवचेतनवादी शैली अनुसार संरचनाहीन संरचना निर्माण गरेकी छिन्। उनका कथाहरूमा स्पष्ट कथानकको अभाव रहँदा पनि ती कथाले गहिरो अर्थ र अनुभूति प्रदान गर्छन्। पात्रहरूको तार्किकता र अस्तित्ववादी सोचलाई प्राथमिकता दिँदा कथाको ढाँचा स्वतः जटिल बनिएको देखिन्छ।

भाषा शैलीमा पनि पारिजातको मौलिकता स्पष्ट छ। उनले विषय र परिवेश अनुसार भाषाको चयन गरेकी छिन्–शहरिया जीवनका पात्रहरूका लागि शहरी शैलीयुक्त भाषा, बौद्धिक पाठकलाई लक्षित गर्दै अपेक्षाकृत कठिन शब्द चयन। यद्यपि तद्भव र आगन्तुक शब्दहरू प्रधान भए पनि उनले तत्सम शब्दहरू पनि सन्दर्भ अनुसार सशक्त प्रयोग गरेकी छन्। उनको भाषा गद्य कवितात्मक छ, जसले कथा भित्र काव्यात्मक अनुभूति उत्पन्न गर्छ।

शैलीगत दृष्टिले, प्रारम्भिक कथाहरूमा अस्तित्ववादी जटिलता पाइन्छ भने पछिल्ला कथामा प्रगतिवादी यथार्थको स्थूलता देखिन्छ। नवचेतनवादले कथालाई जटिल बनाउँछ, तर सूक्ष्मता र संवेदनशीलताको कलात्मक प्रयोगले ती कथाहरू बृहत् अनुभूति दिन सक्षम छन्। पारिजातले दृश्यात्मक प्रविधि–जस्तै पूर्वदीप्त र पश्चदीप्त शैली–कलात्मक ढंगले प्रयोग गरेकी छन्।

संक्षिप्त कथाका माध्यमबाट गहिरो सन्देश दिन सक्ने पारिजातको शैली अद्वितीय छ। शब्द चयन, बिम्ब र सन्दर्भको प्रयोग तथा शब्दालङ्कारले उनको लेखनलाई मौलिकता प्रदान गर्छ। कथानक निर्माणमा वृत्तकारीय शैली, प्रत्यक्ष तथा नाटकीय चित्रण र प्रतीकात्मक शीर्षक विधान उनका विशिष्टता हुन्, जसले सम्पूर्ण शैलीलाई प्रभावशाली बनाउँछ।

पारिजातको लेखनमा प्रारम्भमा अस्तित्ववादी दर्शनको प्रभाव देखिन्छ।यसले मानवजीवनको अर्थ,स्वतन्त्रता र पहिचानको खोजीलाई जोड दिन्छ।उनको लेखनमा विसङ्गतिवादी दृष्टिकोण र समाजप्रति गहिरो आलोचना भेटिन्छ। उनले डायरी शैली र पत्रात्मक बिम्बको प्रयोग गरी सरल र प्रतीकात्मक भाषामा लेख्थिन ।

श्रमिक,महिला र शोषित वर्गप्रति उनको सहानुभूति र प्रगतिवादी दृष्टिकोण उनको लेखनको विशेषता हो । उनको शैलीले पाठकलाई भावनात्मक र वैचारिक रुपमा जोड्छ।यसले समाजमा जागरणको सन्देश फैलाउँछ।

## 'सिटीहलको बूढो ज्यामी' कथा: सारांश

'सिटीहलको बूढो ज्यामी' कथाको प्रमुख पात्र हर्कबहादुर हो।ऊ जीवनभरि श्रम गरेर शहरका भव्य भवनहरू निर्माण गर्छ। तर, उसको श्रमको मूल्यांकन हुँदैन ।त्यसैले ऊ अभावग्रस्त जीवन बिताउन बाध्य हुन्छ। सिटीहल, जुन उसको पसिनाले बनेको छ, शक्ति र सम्पन्नताको प्रतीक बन्छ, तर हर्कबहादुरको जीवन भने उपेक्षित रहन्छ।

कथाले चेतनाप्रवाह शैलीमा हर्कबहादुरको आन्तरिक आत्मसंवाद र समाजप्रतिको आक्रोशलाई प्रस्तुत गर्छ। यो कथाले पाठकमा सहानुभूति र आक्रोश दुवै उत्पन्न गर्छ, जसले श्रमिकको अवमूल्यन र सामाजिक अन्यायलाई उजागर गर्छ।

### कथाको सामाजिक पृष्ठभूमि र पात्र

कथाको सामाजिक पृष्ठभूमि सामन्ती सोच र शोषणमूलक संरचनामा आधारित छ। श्रमिकहरूले निर्माण गरेका भौतिक संरचनाहरूको प्रशंसा हुन्छ तर तिनलाई बनाउने श्रमिकको योगदान बिर्सिन्छ। हर्कबहादुरको पात्रले श्रमिक वर्गको उपेक्षा र पहिचानको संकटलाई चित्रण गर्छ।

सिटीहलमा हुने राजनीतिक भाषण र प्रदर्शनहरूले सत्ताको आडम्बर देखाउँछ, तर श्रमिकको अस्तित्व हराउँछ। हर्कबहादुरको माध्यमबाट पारिजातले भौतिक संरचनाभन्दा मानवीय चेतना र आत्मसम्मानलाई उच्च स्थान दिन्छिन्।

## अस्तित्ववाद र श्रमिक चेतनाको प्रस्तुति

पारिजातको कथामा अस्तित्ववादी दर्शनले श्रमिकको जीवनको अर्थ र पहिचानको खोजीलाई जोड दिन्छ। हर्कबहादुरको आत्मसंवादमा उनको श्रमको मूल्य र समाजप्रतिको आक्रोश झल्किन्छ। कथाको एक महत्वपूर्ण वाक्य, **"तिमी यो सिटी हलभन्दा अग्लो छौ"**,ले श्रमिकको आत्मसम्मान र अस्तित्ववादी शक्तिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्छ।

पारिजातले श्रमिकको स्वतन्त्रता, पहिचान र सम्मानको खोजीलाई जोड दिँदै राज्य, सत्ता र नेताहरूप्रति अविश्वास र प्रश्न उठाउँछिन्। यो कथाले श्रमिक चेतनालाई मात्र होइन, मानवतावादी दृष्टिकोणलाई पनि उजागर गर्छ।

## प्रतीकात्मकता, भाषिक शैली र कथाशिल्प

पारिजातको कथामा प्रतीकात्मकता, भाषिक शैली र कथाशिल्प अत्यन्त प्रभावशाली रूपमा प्रस्तुत गरिएको छ। सिटीहल शक्ति, सम्पन्नता र सामाजिक असमानताको प्रतीकका रूपमा देखिन्छ, जसले वर्गीय अन्तरद्वन्द्वलाई उजागर गर्छ। हर्कबहादुरले लगाएको इष्टकोट उसको आत्मसम्मान र श्रमिक पहिचानको प्रतिक हो, जसले श्रमिक वर्गको अधिकारप्रतिको चेतना झल्काउँछ। भाषिक शैली सरल, भावनात्मक र आक्रोशयुक्त छ, जसले पाठकको भावनालाई छुन सफल हुन्छ। कथाशिल्पमा चेतनाप्रवाह शैली र आन्तरिक आत्मसंवादको प्रयोग गरिएको छ, जसले कथालाई गहिरो बनाउँदै पात्रको मानसिक अवस्था प्रभावकारी रूपमा प्रस्तुत गर्छ। यी सबै तत्वहरूले पारिजातको कथा केवल सौन्दर्यमा सीमित नरही वैचारिक गहिराइ र सामाजिक सन्देशको सार्थक अभिव्यक्ति दिन सफल हुन्छन्।

# सन्दर्भ सामग्री


- पारिजात. (२०३०). *सिटीहलको बूढो ज्यामी.* काठमाडौं: साझा प्रकाशन।
- शर्मा, नगेन्द्र. (२०५५). *नेपाली साहित्यको इतिहास.* काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
- नेपाल, भूपाल. (२०६०). *पारिजातको साहित्यिक यात्रा.* काठमाडौं: रत्न पुस्तक भण्डार।
- राई, इन्द्रबहादुर. (२०६५). *नेपाली साहित्यमा अस्तित्ववाद.* काठमाडौं: साझा प्रकाशन।
- तिम्सिना, हरि. (२०७२). *पारिजातका कथामा सामाजिक चेतना.* काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान।

## निष्कर्ष:

**पारिजातको प्रतिवादी दृष्टिकोण र आजको सन्दर्भ**

पारिजातको 'सिटीहलको बूढो ज्यामी' कथा केवल सामाजिक आलोचनामा सीमित छैन। यो एक चेतनाको आह्वान हो। कथाले श्रमिकको मूल्याङ्कन, सामाजिक न्याय र मानवीय सम्मानको प्रश्न उठाउँछ, जुन आजको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक छ।

पारिजातको प्रगतिवादी दृष्टिकोणले श्रमिक वर्गको आवाजलाई साहित्यिक मञ्चमा ल्याउँछ, जसले सामाजिक परिवर्तनको आवश्यकता दर्शाउँछ। यो कथा शिक्षक, विद्यार्थी र साहित्यप्रेमीहरूका लागि सामाजिक जागरणको साधन बन्न सक्छ। पारिजातको साहित्यले हामीलाई श्रमको सम्मान, सामाजिक समानता र मानवीय मूल्यको महत्व सिकाउँछ।यसको आधुनिक समाजमा पनि उत्तिकै आवश्यक छ।